गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड
GANAPATI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प.स./च.न.ग.ल.बि.सं.लि. ०७९/०८०-८६२

मिति: २०७९/१२/२६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
भद्रकाली, काठमाडौं ।

**विषय : साधारण सभा सम्पन्न भएको जानकारी सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा मिति २०७९ साल चैत २५ गते शनिवार सम्पन्न भएको र सभाले आ.व.२०७८/७९ को वार्षिक वित्तीय विवरण तथा आ.व २०७९/८० को वाह्य लेखापरिक्षक नियुक्ति सहित अन्य सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतीले पारित गरेको व्यहोरा जानकारी लागी अनुरोध छ । साथै छैठौं वार्षिक साधारण सभाको निर्णय उतार थान १ यसै पत्रसाथ संलग्न गरेका छौं ।

भवदीय

विष्णु प्रसाद ढकाल

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

"गरिबी निवारणमा तपाईंको परिश्रम, हाम्रो साथ"
(साविकको गणपति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड)
शुक्लागण्डकी नगरपालिका, दुलेगौंडा, तनहुँ, फोन नं. : ०६५–४१४२४७, ४१४२९७, ४१४५२२
Email : info@ganapatimicro.com.np, website:www.ganapatimicro.com.np

# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## छैठौं वार्षिक साधारण सभाको विवरण निर्णयहरु

### सभाको वैधानिकता

यो सभा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको २०७९ साल फागुन ७ गते बसेको बैठकले तोकेबमोजिम मिति २०७९ साल चैत २५ गतेको लागि बोलाइएको हो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) अनुसार र संस्थाको नियमावलीको नियम १८ (३) बमोजिम छैठौं वार्षिक साधारण सभाको सूचना पठाइएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा संस्थाको नियमावलीको नियम २३ अनुसार गणपुरक संख्या पुगेकाले सभा वैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी दिनुभयो र सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री अर्चना प्रधानलाई अनुरोध गर्नुभयो ।

### सभाको मिति, समय र स्थान :

मिति : २०७९ साल चैत २५ गते शनिबार (०८ अप्रिल २०२३)
समय : बिहानको ११ :०० बजे
स्थान : ह्वाइट हाउस पार्टि प्यालेस शुक्लागण्डकी न.पा. -४, तनहुँ ।

### सभाको सूचना प्रकाशन

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार संस्थाको छैठौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरुको विवरण खुलाएर शेयरधनीहरुलाई वहाँहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाएको साथै सोही व्यहोराको सूचना मिति २०७९ साल फागुन ०८ र चैत ०५ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

### साधारण सभाको विषयसूची :

**क सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०७९ साल आषाढ मसान्त सम्मको लेखापरीक्षकको प्रतिवेदन र वासलात सहित आ.व. २०७८/२०७९को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्वन्धित अनुसूचीहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/२०८० को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख विशेष प्रस्तावहरु**

१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्न गर्न परामर्शदाता, मुल्याङ्नकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्वन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने ।

२. विविध

गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड २०७३

## उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| श्री अर्चना प्रधान | अध्यक्ष (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री शिल्पा प्रधानाङ्ग | सञ्चालक (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री प्रकाश खरेल | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |
| श्री शिला राजभण्डारी | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |
| श्री निरजा शर्मा सापकोटा | सञ्चालक (प्रतिनिधी – संस्थापक शेयरधनी) |
| श्री निलिमा जोशी (नेवाः) | स्वतन्त्र सञ्चालक |

### पदाधिकारीहरुको उपस्थिति :

श्री विष्णु प्रसाद ढकाल प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

### गणपूरक संख्या :

संस्थापक शेयरधनीको संख्या : २१
सर्वसाधारण शेयरधनीको संख्या : २७६०३

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| **शेयरधनीको संख्या** | २७६२४ | १६ | ७ | २३ | **0.0८** |
| **शेयर संख्या** | १५१५५४५.३३ | २२१२८८.२५ | ५९४००२.५३ | ८१५२९०.८० | **५३.८०** |

### सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति

सञ्चालक समितिका अध्यक्ष तथा छैठौं वार्षिक साधारण सभाका सभापति श्री अर्चना प्रधानले छैठौं वार्षिक साधारण सभा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

### सभाको निर्णय :

**क सामान्य प्रस्तावहरु उपरको निर्णय**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक बर्ष २०७८/२०७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. २०७९ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७८/२०७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले पारित गरियो ।

३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/२०८० को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक P. Devkota & Associates, Chartered Accountants काठमाडौंलाई वार्षिक मु.अ.क. वाहेक १,१०,०००/- पारिश्रमीक तथा प्रति व्यक्ति दैनिक भ्रमणभत्ता ३५००/- र बास्तविक यातायात खर्च उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२०७३

## ख विशेष प्रस्तावहरु उपरको निर्णय

१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समभ्रदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्वन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

## ग विविध

१. विविध प्रस्ताव अन्तर्गत यस छैठौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागी संचालक समितिको अध्यक्ष, एक संचालक तथा कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

## धन्यवाद/सभा विसर्जन

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री अर्चना प्रधानज्यूबाट यस छैठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्नो भूमिका कुशलता पूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिंदै सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| अर्चना प्रधान<br>(अध्यक्ष) | शिल्पा प्रधानाङ्ग<br>(संचालक) | विष्णु प्रसाद ढकाल<br>(कम्पनी सचिव) |

२०६३